आज मिति २०७४ कात्तिक १५ गते, बुधबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमाजिमका सदस्यज्यूहरुको उपस्थितिमा १४ औं बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | पदाधिकारी |
|---|---|---|
| हस्ताक्षर | | |
| १. नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष |
| २. नगर उप-प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य |
| ३. १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य |
| ४. २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य |
| ५. ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य |
| ६. ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य |
| ७. ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य |
| ८. ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य |
| ९. ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य |
| १०. ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य |
| ११. ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य |
| १२. दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य |
| १३. दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा पोडे | - | सदस्य |
| १४. दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य |
| १५. महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य |
| १६. महिला सदस्य श्री कविता खत्री | - | सदस्य |
| १७. महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य |
| १८. महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य |
| १९. महिला सदस्य श्री मिना मगर | - | सदस्य |
| २०. कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सचिव |

आमन्त्रित :-

| | | |
|---|---|---|
| २१. श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. श्री मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. श्री मन्दिरा मर्हजन | - | नायब सुब्बा |

प्रस्तावहरु :

१ बागमती करिडोर निर्माण सम्बन्धमा ।

२ विविध ।

निर्णयहरु :

प्रस्ताव नं. १ का सम्बन्धमा

उक्त करिडोर निर्माणको लागी ३० लाख बजेट छुटयाउने । स्थानीय श्रोत साधनको उपभोग गरी निर्माण गर्ने। नगरपालिकाबाट उपभोक्ता समिति गठन गर्नेको लागी सचना गने । २०७४/०७/२० गते सोमबार विहान ८.०० बजे वडा नं २ को खोकना जाने पुल नजिक फुटवल मैदानमा सम्पूर्ण जनप्रतिनिधि, राजनितिक दलका नेता, बुद्धिजीवी लगायत समाजसेवीको उपस्थितिमा उक्त करिडार निर्माण कार्य शुभारम्भ गर्ने ।

प्रस्ताव नं. २ का सम्बन्धमा

(क) नेपालको संबिधानमा अनुसूची ८ मा उल्लेख भएका स्थानाय तहको अधिकारको सूची बमोजिम स्थानीय तहले स्थानाय कर लगाउन सक्ने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ को उपदफा १ को (ङ) २ मा उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रहालय जस्ता सम्पदा उपभोगको प्रबेश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने उल्लेख छ ।
अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को अनुसुची ३ मा स्थानीय तहले लगाउन सक्ने गैर करमा पर्यटन शुल्क समेत उल्लेख भएको छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७४/०७/१५ को पत्रमा उल्लेखित ३ नं बुदामा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६४ को उपदफा १ (ङ २) मा उल्लेखित उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा संग्राहलय जस्ता सम्पदा उपभोगको प्रवश शुल्क गाउँपालिका वा नगरपालिकाले निर्धारण र संकलन गर्ने व्यवस्था भएकोले गाउँपालिका वा नगरपालिकाल आफनो क्षेत्र भित्रका उल्लेखित स्थानको मात्र प्रवेश शुल्क नियमानुसार निर्धारण र संकलन गर्ने व्यवस्था मिलाउने भनो उल्लेख भई आएको छ । बुदाँ नं ४ मा ३ नं बुदाँ बमोजिम प्रवेश शुल्क निर्धारण गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ४ मा उल्लेख भए अनुसार बस्तु वा सेवाको लागत, संचालन र संभार खर्चलाई आधार मानी दर निर्धारण गर्ने उल्लेख छ ।

दक्षिणकाली नगरपालिकाको मिति २०७४/०७/७ को निर्णयानुसार यस नगरपालिका भित्र रहेका विविध ऐतिहासिक तथा पुरातात्वीक सम्पदा मध्ये गोरखनाथ, गणेश सरस्वत्ती, बज्रयोगिनी एवं शेषनारायण मन्दिरको व्यवस्थापन गर्ने सम्बन्धमा कार्यपालिकाबाट गठित सामाजिक समिति, आर्थिक समिति र नगर उपप्रमुखज्यूको संयोजकत्वमा गठित उपसमितिको प्रतिवेदन अनुरुप मिति २०७४/०७/१५ को बैठकबाट पारित गरि देहाय बमोजिमको शुल्क लिई उक्त सम्पदाहरुलाई संरक्षण र व्यवस्थापन गर्ने निर्णय भए बमोजिम उक्त दुई संम्पदाहरुमा देहाय बमोजिमको शुल्क लगाउने । यसको लागी उक्त दुब सम्पदा वडा नं ५ को क्षेत्र भित्र रहेको हुदा उक्त कामको व्यवस्थापन गर्ने जिम्मा सोही वडाको वडा अध्यक्ष श्री श्याम बहादर खत्रीलाई दिने ।

तपसिल पाकिङ शुल्क :

| | |
|---|---|
| मोटर साईकल | : रु. १०/- प्रति वटा |
| कार | : रु. ३०/- प्रति वटा |
| बस | : रु. ५०/- प्रति वटा |

पर्यटक शुल्क :

| | |
|---|---|
| आन्तरिक पर्यटक | : रु. २५/- प्रति व्यक्ति |
| सार्क राष्ट्रका पर्यटक | : रु. १००/- प्रति व्यक्ति |
| बिदेशी राष्ट्रका पर्यटक | : रु. २००/- प्रति व्यक्ति (सार्क राष्ट्र बाहेक ) |

ख) दक्षिणकाली नगरपालिकामा बामन अवतारको मूर्ति निर्माण गर्नको लागी मूल समिति गठन गर्ने ।